वागमती नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कर्मैया,सर्लाही ।
मधेश प्रदेश, नेपाल

## वागमती माछापोखरी वडा ४,१२ ( मानव निर्मित चर्चित वागमती ताल, अनौपचारिक रुपमा भरत ताल समेत भनेर चिनिने) मा अवस्थित रातो घर शौचालय सहित भाडामा लगाउने सम्बन्धी सिलवन्दी वोलपत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशन मिति : २०८१।०१।१०

मधेश प्रदेशको पर्यटकीय क्षेत्रको रुपमा विकास हुदै गएको, वागमती नगरपालिका वडा नं.४,१२ को निर्माणाधिन वागमती माछापोखरी ( मानव निर्मित चर्चित वागमती ताल, अनौपचारिक रुपमा भरत ताल समेत भनेर चिनिने ) को पश्चिम तर्फ अवस्थित रातोघर शौचालय सहित एकमुष्ट वढावढको माध्यमबाट घरवहालमा लगाउनु पर्ने भएकोले सरोकारवाला सवैको जानकारीको लागि यो सिलवन्दीवोलपत्र आव्हान गरिएको छ। साथै इच्छुक व्यक्ति, फर्म वा कम्पनीलाई तपसिलको मिति, समय र स्थानमा सिलवन्दी वोलपत्रमा सहभागि हुन अनुरोध छ।

तपसिल:

| क्र.स. | विवरण | न्युनतम मासिक वोलकवोल अंक रु. | वार्षिक न्युतम वोलकवोल अंक रु. | वोलकवोल जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | वागमती नगरपालिका वडा नं.४,१२ निर्माधिन माछा पोखरी( मानव निर्मित चर्चित वागमती ताल) को पश्चिम तर्फको रातो घर तथा शौचालय वहाल । | ३०००००।००( तीन लाख) | ३६०००००।००( छत्तिस लाख) | ३०००००।०० ( तीन लाख) |

१) प्रथम पटक सूचना प्रकाशन मिति : २०८१।०१।१० गते

२) वोलापत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान : २०८१।०२।११ गते , कार्यालय समय , वागमती नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कर्मैया, सर्लाही ।

३) वोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :२०८१।०२।१३ गते , दिनको १:०० बजे , वागमती नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कर्मैया, सर्लाही ।

४) वोलपत्र खोल्ने मिति , समय र स्थान :२०८१।०२।१३ गते, दिनको २:०० बजे, वागमती नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कर्मैया,सर्लाही ।

५) वोलपत्र जमानत : रु.३०००००।००( तीन लाख) कुनै इजाजत प्राप्त वैंकको कम्तीमा १२० दिनको वैंक जमानत वा वागमती नगरपालिकको नाममा एन आइ सि एशिया वैंक ,वागमती शाखामा धरौटी खाता न.45CA052639552404 मा जम्मा गरेको भौचर वा वेलपत्र साथ नगद पेश गर्नु पर्ने छ ।

६) वोलपत्र दस्तुर रु. : १००००।००( दश हजार)

७) अन्य शर्तहरु

क) घर वहाल सम्झौता अवधि ५(पांच) वर्षको हुने छ ।

ख) वाहल लिनेले आफैले सजिसजावटको कार्य गर्नु पर्ने छ । वहालमा लिनेले आफैले खर्च गरि संरचनामा थप गर्न सक्ने छ। नगरपालिकासंग अनुमती लिई संरचनाको स्वरुप परिवर्तन गर्न सक्ने छ। त्यसरी स्वरुप परिवर्तन गरिएकोमा सम्झौता अवधि समाप्त भए पछि नगरपालिकाले उचित ठानेमा परवर्तित स्वरुपमा वा संरचनाको पुरानै स्वरुपमा नगरपालिकालाई फिर्ता गर्नु पर्ने छ ।



CamScanner

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, नेपाल

ग) सम्झौता गर्दाको बखत वार्षिक कम्तीमा एक वर्षको हुने सम्झौता अंक बराबर वहाल रकम बराबरको बैंक जमानत वा जग्गा जमिन धितोमा राख्न सक्ने छ ।

घ) वहालमा लिनेले सम्झौता वर्षको हुने बराबरको कम्तीमा ३ महिना बराबरको रकम सम्झौता गर्दा अग्रिम रुपमा बुझाउने छ ।

ङ.) वाहलमा लिनेले थप आकर्षक बनाई नाफालिई अन्य व्यक्ति, फर्म वा कम्पनीलाई वहालमा लगाउन सक्नेछ ।

च) वाहलमा लिनेले पश्चिम तर्फको शौचालय प्रयोग गर्न पाउने छ । वहालमा लिनेले शौचालयको सरसफाइ गर्नु पर्ने छ । सौचालय प्रयोग गरेवापत अन्य प्रयोग कर्तालाई वहालमा लिनेले पिसाब फेरेको रु. ५ तथा दिशा गरेको रु.१० भन्दा वढी दस्तुर लिन पाउने छैन् ।

छ) प्रति २ ( दुई) वर्षमा घर वहाल राजश्वमा सम्झौता रकमको १०( दस) प्रतिशतले वृद्धि हुने छ ।

ज) विजुली तथा पानी र सरसफाई शुल्क तथा दस्तुर वहालमा लिनेले बुझाउनु पर्ने ।

झ) वहालमा लिनेले तल पिच सडक सम्मको भाग रातो घर भन्दा तल तीन तहको भाग उपयोग गर्न सक्ने छ ।

ञ) वहालमा लिनेले पर्यटक आकर्षण गर्ने खालका पसल तथा गतिविधि सञ्चालन गर्नु पर्ने छ । कुनै पसल वा गतिविधि सञ्चालन गर्नु परेमा नगरपालिकासंग अनुमती लिनु पर्ने छ ।

ट) प्रचलित कानुन बमोजिम कुनै घर वहाल राजश्व वाहेक कुनै थप कर तिर्नु पर्ने भए वहालमा लिनेले तिर्नु वा बुझाउनु पर्ने छ ।

ठ) शर्त सम्वन्धी विषयमा कुनै द्विविधा भए वागमती नगरपालिकाको आर्थिक ऐन तथा नगरकार्यपालिकाको निर्णय बमोजिम थप व्याख्या गरिने छ ।

८) वोलपत्र साथ पेश गर्नुपर्ने कागजातहरु

८.१) प्राकृतिक व्यक्तिको हकमा :

क ) नेपाली नगररिकताको प्रमाणपत्र

ख) प्यानमा दर्ता भएको प्रमाणपत्र

८.२)फर्म वा कम्पनीको हकमा

क) दर्ता प्रमाणपत्र

ख) आ.व.२०७९।८० को मु.अ.कर तथा अन्य कर चुक्ता प्रमाण पत्र

९) प्राकृतिक व्यक्तिको हकमा प्यानमा दर्ता भएको र फर्म वा कम्पनीको हकमा मु.अ.करमा दर्ता भएको हुने पर्ने छ ।

१०) वोलापत्र मूल्यांकनमो आधार : माथिको बुंदाहरुको शर्तमा रही सवैभन्दा वढी कवोल गर्ने ।

११) वोलपत्रमा सहभागि हुनेले वोलपत्र पशे गर्नु पुर्व उक्त घर तथा शौचालयको स्थालगत अनुगमन गर्न सक्नेछ ।